मन्थली नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल		फोन नं. ०४८-५४०११२

प.स.०७७/७८		मिति २०७८/०३/२७
च.नं. ३३५८

श्री १४ वटै वडा कार्यालयहरु, निर्माण व्यावसायीहरु, सरोकारवाला निकायहरु,
मन्थली नगरपालिका क्षेत्र भित्रका आम उपभोक्ता समितिहरु र कार्यालयका विषयगत शाखाहरु ।

विषय - **भुक्तानी सम्बन्धी अत्यन्त जरुरी जानकारी ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, २ र ७ बमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा ७(सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरी निकासा बन्द गर्नु पर्ने व्यबस्था छ । उपरोक्तानुसार संघीय सरकार तथा प्रदेश सरकारको सशर्त, समपूरक तथा विशेष अनुदानको खर्च नभई बाँकी रहने बजेट फिर्ता गर्नु पर्ने, संचित कोष र खर्च खाताहरुको आम्दानी र खर्चको हिसाब भिडान तथा हिसाब मिलान गर्नु पर्ने तथा चालु आ.व.०७७/७८ को मौन्दात यकिन गरी आगामी आ.व.०७८/७९ को बजेट, कार्यक्रम तथा क्रियाकलापहरु सुत्र (SuTRA) प्रणालीमा प्रविष्टि गरी श्रीमान नगर प्रमुखज्युबाट प्रमुख प्रशासकीय अधिकृतलाई साउनको पहिलो साता भित्र खर्च गर्ने अख्तियारी दिई सक्नु पर्ने कानुनी व्यबस्था छ । तसर्थ भुक्तानी लिन तथा पेश्की फछ्र्यौट गर्न बाँकी वडा कार्यालयहरु, निर्माण व्यावसायीहरु, सरोकारवाला निकायहरु, उपभोक्ता समितिहरु र विषयगत शाखाहरुले मिति २०७८/०३/२८ भित्र कागजात पेश गर्न हुन अनुरोध छ ।

(पुनश्च: निर्धारित समय सिमाभित्र पेश हुन नआएका कागजात उपर कुनै कारबाही नहुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।)

.......................................................
लिलाराज पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
१.श्री आर्थिक प्रशासन शाखा, मन्थली नगरपालिका रामेछाप ।
२.श्री रोशन पोखरेल जी, सबै वडाहरुमा मेल गर्ने र कार्यालयको फेसबुक पेज तथा वेभ साइडमा राख्ने ।